# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ५, संख्या ४ | २०७८ आषाढ २८ गते | बिक्री मुल्य रु. ०।००


## भाग १

स्थानीय सरकार

**विदुर नगरपालिका**

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर सभाबाट स्वीकृत मिति: २०७८।०३।१०*

# विदुर नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८

# विदुर नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८

**प्रस्तावनाः** साविकको स्थानीय निकायमा सेवा प्रवेश गरी हालसम्म स्थानीय तहमा कार्यरत कर्मचारीहरुको समायोजन, तह मिलान र वढुवा जस्ता वृति विकासका विषयमा देखिएको अस्पस्टता, जटिलता र असमानता हटाई स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गरी कर्मचारीहरुको मनोवल उच्च गराउन कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले समायोजन ऐन, २०७५ को दफा २३ मा भएको व्यवस्था वमोजिम स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा (१) बमोजिम विदुर नगरसभाले यो ऐन वनाई लागु गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नामः **विदुर नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्वन्धी ऐन, २०७८** हुनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा**

(क) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) मा स्थायी नियुक्त भई यो ऐन जारी हुँदाको वखतसम्म विदुर नगरपालिकामा कार्यरत रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ख) "समायोजन ऐन" भन्नाले संघीय सरकारबाट कर्मचारी समायोजनका लागि जारी भएको कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ग) "नगर सभा" भन्नाले विदुर नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका "भन्नाले विदुर नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत "भन्नाले विदुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "स्थानीय तह" भन्नाले विदुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(छ) "न्युनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानुन बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

(ज) "कर्मचारी व्यवस्थापन" भन्नाले साविक स्थानीय निकायबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८५ (३) बमोजिम विदुर नगरपालिकामा स्वतः समायोजन भै तह मिलान नभएका स्थायी कर्मचारीहरुलाई दफा ४ बमोजिम हुने तह वृद्धि/स्तर वृद्धि/ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

**३. संगठन संरचना तथा कर्मचारी दरवन्दीः**

१. यस ऐन बमोजिम हुने स्तरवृद्धि वा तहवृद्धि हुने कर्मचारीहरुको हकमा संगठन तथा संरचनाको अध्ययन भै नगरसभाले स्वीकृत नगरेसम्म स्वतः पुल दरवन्दीमा कायम रहनेछन ।

**४. समायोजन तह मिलान सम्वन्धी व्यवस्थाः**

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ जारी हुनु भन्दा अगाडि स्थानीय निकायको स्वीकृत दरवन्दीमा स्थायी नियुक्त भएका साविकका स्थानीय निकायका कर्मचारीहरुलाई यो ऐन जारी भएको मितिमा जेष्ठता गणना हुने गरी एक पटकका लागि मात्र देहाय बमोजिम समायोजन, तह मिलान तथा ग्रेड वृद्धि गर्ने र यसरी तह मिलान तथा ग्रेड वृद्धिबाट थप हुने दायित्व नगरपालिकाबाट व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा उपलब्ध गराउदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मुल्याङ्कन समेतका आधारमा सेवा समुहसंग मिल्दो पदमा समायोजन वा तह मिलान गरिनेछ ।

(३) उपदफा (१) बमोजिम तह वृद्धि वा स्तरवृद्धि ग्रेड थप गर्दा पछिल्ला ३ बर्षको कार्यसम्पादन मूल्याकनमा औषातमा न्यूनतम ९० प्रतिशत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(४) यो ऐन जारी भएको मिति सम्म स्थायी सेवा अवधि ५ वर्ष पुरा भएको हुनुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको तहवृद्धि वा स्तरवृद्धि ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गर्नुपर्नेछ ।

| सि.नं | साविकको तह | समायोजन तह मिलान /स्तरवृद्धि हुने तह | थप ग्रेड | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | श्रेणी विहिन | श्रेणी विहिन | २ | |
| २ | सहायकस्तर तेस्रो | सहायकस्तर चौथो | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तीर्ण |
| ३ | सहायकस्तर चौथो | सहायकस्तर पाँचौ | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तीर्ण |
| ४ | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौ | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण |
| ५ | अधिकृतस्तर छैठौ | अधिकृतस्तर सातौ | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह सो सरह उत्तीर्ण |
| ६ | अधिकृतस्तर सातौ | अधिकृतस्तर आठौं | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह सो सरह उत्तीर्ण |

द्रष्टव्यः प्राविधिक तर्फ तह वृद्धि हुने कर्मचारीको हकमा सम्वन्धित तहको प्राविधिक विषय उत्तीर्ण गरेको हुनुपर्नेछ र शैक्षिक योग्यता तथा सेवा अवधि नपुगेका वा तह बढुवा हुन नचाहने कर्मचारीको हकमा २ ग्रेड थप गरिने छ।

५. **समायोजन तह मिलान पत्र दिनेः** (१) यस ऐन बमोजिम समायोजन तह मिलान भए पश्चात स्थानीय तहका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह मिलान भएको पत्र ७ दिन भित्र पत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची –१ बमोजिम हुनेछ ।

६. **तह मिलान गरिनेः** यस ऐन बमोजिम समायोजन तह मिलान भए पश्चात नगरपालिकाले संगठन संरचना र दरवन्दी पुनरावलोकन गरी नगर सभाबाट संगठन संरचना स्वीकृत भए पछि पदस्थापना गर्ने र सो अवधि सम्म तह मिलान भएका कर्मचारीहरुलाई स्वतः पुल दरवन्दीमा कायम गरिनेछ ।

७. **समायोजन तह मिलान भएका कर्मचारीहरुको सेवा सुविधाः** यस ऐन बमोजिम समायोजन तह मिलान भएका स्थानीय तहका कर्मचारीहरुको तलव तथा अन्य सुविधा कानून बमोजिम हुनेछ ।

८. **जेष्ठता गणनाः**(१) समायोजन तह मिलान भए पश्चात हुने पदको जेष्ठता समायोजन तह मिलान भएको मितिदेखि गणना गरिनेछ ।

९. **सुविधा सम्वन्धीः** तह मिलान गर्दा साविकमा खाई पाई आएको तलव र हालको तहमा मिलान हुदाको तलव वरावर भएमा एक ग्रेड थप गरिने छ र हालको तह मिलान भए पछि तलव वढि भएमा जति वढि हुन आउछ सो रकम थप गरी एक ग्रेड थप हुनेछ ।

१०. **खारेजी र वचाउः** यो ऐन संविधान, संघीय कानून र प्रदेश कानून सँग बाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

**अनुसूची १**

दफा ५ को उपदफा (२) सँग सम्वन्धित

**समायोजन तह मिलानपत्र**

पत्र सख्या :
चलानी नं. मिति...................

श्री .................. .........................

**विषयः समायोजन तह मिलन गरिएको सम्वन्धमा ।**

विदुर नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८ बमोजिम मिति................................. देखि जेष्ठता लागु हुने गरी तपाईलाई विदुर नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन तह मिलान गरिएको छ। आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ। समायोजन तह मिलान हुनुभएकोमा बधाई छ।

| **साविकको विवरण** | **समायोजन तह मिलान पछिको विवरण** |
|---|---|
| पद : | पदः |
| तह : | तहः |
| सेवाः | सेवा |
| समुह : | समुहः |
| पदनामः | पदनामः |

................................
**प्रमुख प्रशासकीय अधिकृत**

**वोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।
श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वागमती प्रदेश, हेटौंडा।
श्री प्रदेश लोकसेवा आयोग, हेटौंडा।
श्री कर्मचारी संचय कोष, ठमेल।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर।
श्री आर्थिक प्रशासन शाखा, विदुर नगरपालिका, नुवाकोट।

प्रमाणिकरण मितिः २०७८।०३। २८

आज्ञाले
मोहन प्रसाद मरासिनी
(प्रमुख प्रशासकीय अधिकृत)